Ref: N-13/013-015

# प्रेस विज्ञप्ती

## अध्यक्ष घलेद्वारा वाणिज्य तथा आपूर्ति मन्त्रीसंग भेटवार्ता

बैशाख २४ (मे ७, २०१४) काठमाण्डौ । गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले माननीय वाणिज्य तथा आपुर्ति मन्त्री सुनिलबहादुर थापासंग आज भेट गर्नु भयो ।

सो अबसरमा अध्यक्ष घलेले मन्त्रीमा चयन हुनुभएकोमा हार्दिक बधाई दिदैं गैरआवासीय नेपाली संघका गतिबिधिबारे जानकारी गराउनुभएको थियो । गैरआवासीय नेपालीको अनुभव राष्ट्रिय नीतिहरुको निमार्ण तथा कार्यान्वयनमा उपयोग गर्न सुझाव दिदैं आगामी दुई दशकमा गैरआवासीय नेपालीको क्षमता निकै बृद्धि हुने भएकाले त्यसलाई उपयोग गर्नसक्ने खालको नीति तर्जुमा गर्न सुझाव दिनुभयो । उहाँले Commercially Important Person (CIP) को सम्मानबाट वाणिज्य क्षेत्रका व्यक्तित्वहरु मात्र सम्मानित भएकोमा यसलाई परिमार्जन गरी वैदेशिक लगानीका क्षेत्रहरु पनि समावेश गर्न पर्ने सुझाव दिनु भयो ।



माननीय मन्त्रीले गैरआवासीय नेपालीहरुले नेपालको सामाजिक तथा आर्थिक रुपान्तरणमा पुराएको योगदानको कदर गर्दै आफू पनि पच्चिस बर्ष गैरआवासीय नेपाली भई बसेकोले गैरआवासीय नेपालीहरुको भावना र आवश्यकतावारे राम्रो बुझेको वताउनु भयो । गैरआवासीय नेपालीहरुले उठाउँदै आएको नेपाली नागरिकताको निरन्तरतावारे

आफूलाई राम्रो जानकारी भएको र यसको निक्र्योल गर्न राष्ट्रिय राजनीतिक पार्टीहरुलाई गोलवद्ध गरी आफ्ना मागहरु पेश गर्न सुझाव दिनु भयो ।

यसै अवसरमा माननीय मन्त्रीले नेपाल सरकार आपूर्ति तर्फ मात्र वढी केन्द्रित भएकोले नेपालले वाणिज्य (Trade) तर्फ खासै सफलता हासिल गर्न नसकेको र आफ्नो कार्यकालमा यसलाई बिशेष ध्यान दिने वताउनु भयो । उहाँले गैरआवासीय नेपालीहरुलाई अनुत्पादक समाजिक कार्य भन्दा पनि उत्पादनमूलक समाजिक कार्यमा केन्द्रीत हुन अनुरोध गर्नुभयो । नेपाली वस्तुहरुको प्रयोग र प्रचार गरी नेपालको व्यापारघाटा कम गर्दै औद्योगिकरणमा सहयोग गर्न उहाँले संसारभर छरिएर रहेका नेपालीहरु आग्रह गर्नुभयो ।

गैरआवासीय नेपाली संघ सचिवालय,
काठमाण्डौं ।
मितिः ७ मई २०१४ ।